## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७८

राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ६ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय भूमि आयोगले यो आधार र मापदण्ड बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आधार र मापदण्डको नाम "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७८" रहेको छ।

(२) यो आधार र मापदण्ड आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आधार र मापदण्डमाः

(क) "अव्यवस्थित बसोबासी" भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएता पनि कम्तीमा दश वर्षदेखि आबाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका भूमि सम्बन्धी ऐन २०२१, को दफा ५२ग. को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउनेछ।

(ख) "ऐन" भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ लाई सम्झनु पर्दछ।

(ग) "नियमहरू" भन्नाले भूमि सम्बन्धी नियमहरू, २०२१ लाई सम्झनु पर्दछ ।

(घ) "परिवार" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको पति, पत्नी, बाबु, आमा र छोराछोरी सम्झनु पर्दछ । तर सो शब्दले कानूनबमोजिम अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) "भूमिहीन सुकुम्बासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

(च) "भूमिहीन दलित" भन्नाले राष्ट्रिय दलित आयोगद्वारा दलित भनी सूचीकृत जातिका भूमिहीन सुकुम्बासी भन्ने सम्झनुपर्छ ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ ।

३.<u>कार्यविधिः</u> (१) स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण यस आधार र मापदण्डअनुसार गर्नु पर्नेछ ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलनको कार्य "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८" अनुसार गर्नु पर्नेछ।

४. <u>भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डहरूः</u>

(१) देहायका आधारमा स्थानीय तहको कार्यपालिकाले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरण गरी जिल्ला समितिसमक्ष पेस गर्नु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) सम्बन्धित स्थानीय तहमा बसोबास वा जग्गा आबाद कमोत गरी आएको व्यक्ति,

(ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०७८ को अनुसूची

३ बमोजिमको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरणसहितको निवेदन,

(घ) निवेदनको ढाँचा अनुरूप भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले नेपाल राज्यभित्र आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको स्वामित्वमा कतै पनि जग्गा जमिन छैन, झुठा ठहरे कानूनबमोजिम सहन बुझाउन मञ्जुर छु भनी गरेको स्वयं घोषणा,

(ङ) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका कुनै पनि सदस्यको आयआर्जन, स्रोत र प्रयासबाट जग्गा प्रबन्ध गर्न असमर्थ छु भनी गरेको स्वयं घोषणा,

(च) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीले सरकारी अनुदान वा सहयोगबाट विगतमा नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्वसहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा,

(छ) जग्गाधनी दर्ता प्रमाण-पुर्जा भएको तर नदी कटान, पहिरो, डुबान वा अन्य प्राकृतिक विपद्का कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभएकाको हकमा त्यस्तो जग्गाको स्वामित्व नेपाल सरकारको नाममा कायम गरेको लगतकट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र,

(ज) स्थानीय तहले वडामार्फत प्राप्त गरेको निवेदनको लगत प्रविष्टिका आधारमा प्राप्त प्रतिवेदनउपर जाँचबुझका लागि वडा

कार्यालयले कम्तिमा ७ (सात) दिनको म्याद दिई सार्वजनिक सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा स्थानीय तहको वडास्तरीय सहजीकरण समितिद्वारा भूमिहीन दलित वा भूमिहीन सुकुम्बासी हो भनी गरेको सिफारिस वा निर्णय ।

(झ) स्थानीय तहको सम्बन्धित (निवेदन पेस भएको वडा) वडा समितिको वैठकबाट निज भूमिहीन दलित वा भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय।

(२) देहायका आधारमा जिल्ला समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरणको पुनर्पुष्टि गर्नुपर्नेछ।

(क) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरण निर्णय, प्रमाणीकरण गरिएका व्यक्तिको नामावलीसहितको तोकिएको ढाँचाअनुसारको प्रतिवेदन,

(ख) जिल्ला समितिले स्थानीय तहबाट प्राप्त गरेको प्रमाणीकरणसहितको विवरणको पुनर्पुष्टिका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको नामावलीसहितको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा ७ (सात) दिनको म्याद दिई सार्वजनिक गर्नुपर्नेछ।

(ग) जिल्ला समितिले स्थानीय तहबाट प्रमाणीकरण भएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको परिवारको नाममा नेपाल राज्यभर कतै जग्गा दर्ता भए नभएको सम्बन्धमा यकिन गर्न सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय/ मालपोत

कार्यालयमा पठाउनु पर्नेछ र कार्यालयले ७ दिनभित्र निज र परिवारको नाममा जग्गा भए नभएको विवरण जिल्ला समितिमा पठाउनु पर्नेछ ।

(घ) मालपोत कार्यालयबाट प्राप्त विवरण र खण्ड (ख) को सूचनाबमोजिम कुनै निवेदकउपर निज वा निजको परिवारको स्वामित्वमा जग्गा भएको भनी उजुरी प्राप्त भएमा सोको छानबिन गरी जिल्ला समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासी हो भनी गरेको निर्णय।

(३) जिल्ला समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको पहिचान र प्रमाणीकरण गरिएका व्यक्तिहरूको विवरण आयोगलाई उपलब्ध गराउनुपर्नेछ।

५. <u>अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्डः</u> (१) देहायका आधारमा स्थानीय तहको कार्यपालिकाले अव्यवस्थित बसोबासी हो भनी पहिचान र प्रमाणीकरण गरी जिल्ला समितिसमक्ष पेस गर्नु पर्नेछ

(क) नेपाली नागरिक,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची – ४ बमोजिमको आफ्नो वा आफ्नो परिवारका सबै सदस्यको विवरणसहितको निवेदन,

(ग) भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को उपदफा (४) तथा भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम ४१ख. (४) मा उल्लेखित जग्गा बाहेकको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत

संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा १३ को उपदफा (१) बमोजिमको जग्गामा बसोबास वा आवाद कमोत गर्ने व्यक्ति वा परिवार

(घ) भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ माघ २८ गते भन्दा कम्तीमा १० वर्ष अघिबाट निज वा निजको परिवारले आबाद कमोत गरी आएको हो भनी स्थानीय कार्यपालिकाले गरेको निर्णय र सिफारिस,

(ङ) अव्यवस्थित बसोबासीले आफ्नो वा आफ्नो परिवारका सदस्यले सरकारी अनुदान वा सहयोगबाट ऐनको दफा ५२ग. बमोजिम नेपाल राज्यभर कुनै पनि सरकारी जग्गा वा जग्गाको स्वामित्वसहितको आवास प्राप्त गरेको छैन भनी गरेको स्वयं घोषणा,

(च) वडा समितिको वैठकबाट निज अव्यवस्थित बसोबासी हो भनी गरेको निर्णय र सिफारिस,

(छ) वडाले प्राप्त गरेको निवेदन वा तथ्याङ्क विवरणउपर छानबिन गरी त्यसको जाँचबुझका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची- ७(क) बमोजिमको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना जारी गर्नुपर्नेछ र त्यस सम्बन्धमा कुनै निवेदन वा उजुरी भए सो सम्बन्धमा वडा

स्तरीय सहजीकरण समितिले अव्यवस्थित बसोबासी हो भनी गरेको सिफारिसको निर्णय।

(२) देहायका आधारमा जिल्ला समितिले अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको पुनर्पुष्टि गर्नुपर्नेछः

(क) सम्बन्धित स्थानीय तहको कार्यपालिकाको प्रमाणीकरण निर्णय, प्रमाणीकरण गरिएका व्यक्तिको नामावलीसहितको तोकिएको ढाँचाअनुसारको प्रतिवेदन,

(ख) स्थानीय तहबाट प्राप्त भएको सिफारिससहितको विवरणको प्रमाणीकरणको पुनर्पुष्टिका लागि कम्तीमा ७ (सात) दिनको म्याद दिई अनुसूची २ बमोजिमको ढाँचामा सार्वजनिक सूचना जारी गरी त्यस सम्बन्धमा प्राप्त उजुरीका सम्बन्धमा जिल्ला समितिले छानविन गरी अव्यवस्थित बसोबासी हो भनी गरेको सिफारिस प्रतिवेदन,

(ग) खण्ड (ख) बमोजिम कुनै उजुरी परी आवश्यक परेमा विगत दश वर्षदेखि आबाद कमोत गरी घर टहरा बनाई बसेको देखिने Image फोटोको सहयोगसमेतबाट उचित निर्णय गर्न सक्नेछ।

(३) जिल्ला समितिले अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण गरिएका व्यक्तिहरुको विवरण आयोगलाई उपलब्ध गराउनुपर्नेछ।

६. <u>परिवार र अंशवण्डा सम्बन्धी व्यवस्थाः</u> भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको हकमा भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति

२०७६ माघ २८ गतेभन्दा अगाडि नै मानो छुट्टिई घर र भान्सा समेत छुट्टै प्रयोग गरी आएको परिवारलाई मात्र छुट्टै परिवार मान्न सकिनेछ।

७.<u>परिमार्जन र संशोधनः</u> (१) यस मापदण्डको कार्यान्वयनमा कुनै समस्या देखिएमा आयोगले आवश्यकताअनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

८. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यो मापदण्डमा भएका व्यवस्थाहरू प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

९. <u>खारेजी र बचाउः</u> (१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७ खारेज गरिएको छ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०७७ बमोजिम भए गरेका कार्यहरू यसै मापदण्डअनुसार भए गरेको मानिनेछ।

अनुसूची १

(दफा ४ उपदफा (२) खण्ड (ख) को प्रयोजनका लागि)

भूमिहीन दलित / भूमिहीन सुकुम्बासीको हकमा जिल्ला समितिबाट प्रकाशन हुने सूचनाको ढाँचा

राष्ट्रिय भूमि आयोग

जिल्ला समिति.......................

७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा .......................स्थानीय तहबाट प्रमाणीकरण भइआएका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीले आफ्नो र आफ्नो परिवारका सदस्यको स्वामित्त्वमा नेपाल राज्य भित्र जग्गा जमिन नभएको र परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रवन्ध गर्न असमर्थ भएको, विगतमा आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्व सहितको आवास उपलब्ध नगराएको तथा मिति २०७६ माघ २८ पछि आफ्नो वा परिवारका कुनै सदस्यको नाममा रहेको जग्गा बिक्री वा हक हस्तान्तरण नगरेको भनी आफूलाई भूमिहीन दलित / भूमिहीन सुकुम्बासी दाबी गरी जग्गा आबाद कमोत गर्दै आएको स्थानमा वा अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी निःशुल्क जग्गा पाउन स्थानीय तह मार्फत प्रमाणीकरण भई जिल्ला समितिमा विवरण प्राप्त भएकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । निवेदनमा उल्लेखित व्यहोरा संशोधन गर्नु परेमा निवेदक स्वयंले र कुनै उजुरी वा दाबी विरोध भए जोसुकैले ७ (सात) दिन भित्र (२०७.../........./..........सम्म ) जिल्ला समितिमा प्रमाण सहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | निवेदन फाराम नं. | निवेदन दर्ता (कोड) नं | परिवारमूलीको र निजको पति/ पत्नीको नाम | परिवारमूलीको ना. प्र. प. नं. | सरकारी जग्गा आबाद कमोत गरेको भए जग्गाको | | निवेदकको किसिम (भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा दुबै) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | जग्गाको अनुमानित क्षेत्रफल (स्थानीय एकाइ) | | |
| | | | | | | | | |

.....................
सदस्य सचिव

अनुसूची २

(दफा ५ उपदफा (२) खण्ड (ख) को प्रयोजनका लागि)

अव्यबस्थित बसोबासीका हकमा जिल्ला समितिबाट प्रकाशन हुने सूचनाको ढाँचा

राष्ट्रिय भूमि आयोग

जिल्ला समिति.........................

७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा .......................स्थानीय तहबाट प्रमाणीकरण भइआएका अव्यवस्थित बसोबासीहरुले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि आबादीमा परिणत भएको जग्गामा कम्तीमा १० वर्षदेखि आबाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका र २०७६ माघ २८ पछि आफू र आफ्नो परिवारका सदस्यलाई नेपाल सरकारले कुनै प्रकारले कुनै जग्गा वा जग्गाको स्वामित्वसहितको आवास उपलब्ध नगराएको भनी आफूलाई अव्यवस्थित बसोबासीको रूपमा दाबी गरी आफूले आबाद कमोत गर्दै आइरहेको जग्गा पाउन स्थानीय तहमार्फत प्रमाणीकरण भई जिल्ला समितिमा विवरण प्राप्त भएकाले सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । निवेदनमा उल्लेखित व्यहोरा संशोधन गर्नु परेमा निवेदक स्वयंले र कुनै उजुरी वा दाबी विरोध भए जोसुकैले ७ (सात) दिन भित्र (२०७.../........./..........सम्म ) जिल्ला समितिमा प्रमाणसहित निवेदन दर्ता गराउनु हुन वा उजुर गर्न जानकारी गराइन्छ ।

| क.सं | निवेदन फाराम नं. | निवेदनदर्ता (कोड) नं | परिवारमूलीको र निजको पति/ पत्नीको नाम | परिवारमूलीको ना. प्र. प. नं. | आवाद कमोत वा घरबास गरेको जग्गाको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | अनुमानित क्षेत्रफल (स्थानीय एकाइमा ) | आवाद कमोत को अवधि | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

.....................
सदस्य सचिव